# धुर्कोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बर्वोट, गुल्मी

प.सं.: २०८०/०८१
च.न.:

लुम्बिनी प्रदेश, नेपाल

**धुर्कोट गाउँपालिका क्षेत्र भित्रबाट ढुङ्गा, गिट्टी, बालुवा लगायत नदीजन्य पदार्थको निकासी कर असुल गर्ने सम्बन्धी**

**बोलपत्र आह्वानको सार्वजनिक सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८०/०५/३१**

यस धुर्कोट गाउँपालिकाबाट आर्थिक वर्ष २०८०/०८१ को अवधिका लागि धुर्कोट गाउँपालिकाको निर्णय बमोजिम तपशिलका स्थानहरुवाट ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थको निकासी कर संकलन गर्न ठेक्का बढाबढद्वारा बन्दोबस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले तपशिल बमोजिमका शर्तको अधिनमा रहि शिलवन्दीबोलपत्र पेश गर्नुहुन सुचित गरिन्छ ।

१. यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र अर्थात मिति २०८०/०६/२९ गते कार्यालय समय भित्र बोलपत्र फारम यस कार्यालयमा सम्बन्धित आपूर्ती कर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अध्यावधिक /नविकरण गरेको संस्था वा कम्पनी दर्ताको प्रमाणीत प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ताको प्रमाणपत्र, कर चुक्ता गरेको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र र निर्माण व्यवसायीको हकमा निर्माण व्यवसायी इजाजतपत्र, नियमानुसार उल्लेखित बोलपत्र दस्तुर बुझाएको रसिद वा धुर्कोट गाउँपालिकाको लक्ष्मी सनराईज बैंक लि.बर्वोट, गुल्मीमा रहेको धुर्कोट गाउँपालिका ग.१.१. आन्तरीक राजश्व खाता **०९१०५०१३०७७०३००७** को बैंक भौचर (पछिफिर्ता नहुने गरी) निवेदन साथ संलग्न राखि माग गरेपछि नियमानुसार छुट्टाछुट्टै बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

२. शिलबन्दी बोलपत्र ३१ औं दिनको दिउसो १२ बजे सम्म कार्यालयमा पेश गरि सक्नु पर्नेछ ।

३. बोलपत्र साथ आफुले कबुल गरेको अङ्कको ५ प्रतिशत धरौटी धुर्कोट गाउँपालिकाको लक्ष्मी सनराइज बैंक लि. बर्वोट, गुल्मीमा रहेको धरौटी खाता नं.**०९१०५०१३०७७०१००२** मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्ने छ । बैंक ग्यारेन्टीलाई समेत मान्यता दिइने छ ।

४. तोकिएको समय भित्र पेश भएका वोलपत्र सोही दिनको दिउसो १ बजे कार्यालयमा खोलिने छ ।

५. स्वीकृत कवोल गरेको रकम तीन किस्ता गरि बुझाउनु पर्नेछ । सम्झौता गर्दाको वखत एकमुष्ठ बुझाउन चाहेमा आफुले कबोल गरेको अङ्कको १० प्रतिशतले हुने रकम छुट दिईनेछ ।

६. कबोल गरेको रकम अङ्क र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

७. बोलपत्र स्वीकृत भएपछि ठेक्का सम्झौता पूर्व प्रथम किस्ता बापत २५ प्रतिशत रकम दाखिला गर्नु पर्ने छ । अन्य किस्ताको धितो बापत बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) बनाइ पेश गर्नुपर्ने छ । रित नपुगि वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

८. नियमानुसार लाग्ने सम्पूर्ण कर बोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

९. धुर्कोट गाउँपालिकाले समय समयमा दिइएको नीति निर्देशन तथा आदेशको पालना गर्नु बोलपत्र दाताको कर्तव्य हुनेछ । कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार धुर्कोट गाउँपालिकामा निहित रहनेछ ।

१०. छनोट भएको ठेकेदारले गाउँपालिकाले तोकेको दरमा कर उठाउदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई यस कार्यालबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । प्रमाणित नगरेको रसीदबाट कर उठाएको उजुरी वा जानकारी आएमा नियमानुसार कार्वाही गरिनेछ ।

११. धुर्कोट गाउँपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका फर्महरुको दरभाउ पत्र स्वीकृत हुने छैन ।

ज्ञानुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत

# धुर्कोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
धुर्कोट, गुल्मी

प.सं.: २०८०/०८१
च.न.:

लुम्बिनी प्रदेश, नेपाल

१२. ठेक्का मुल्यांकन गर्दा मूल्य अभिवृद्धि कर (VAT)बाहेकको अंकलाई आधार मानिनेछ । दरभाउ सम्बन्धी सूचना यस कार्यलयको सूचना पाटी तथा गाउँपालिकाको वेवसाईट www.dhurkotmun.gov.npमा पनि हेर्न सकिने छ ।

१३. निकासीका अन्य शर्तहरु सम्झौताका बखत निर्धारण हुनेछ ।

१४. यस सूचनामा नपरेका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१५. अन्य थप जानकारीको लागि ९८५७०६७९१७, ९८५७०२३३४४, ९८६७९२३८२० मा सम्पर्क गर्न सक्नुहुनेछ ।

| ठेक्का नं. | मालवस्तुको विवरण | न्युनतम अङ्क ( मू.अ.कर. बाहेक) | फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १२/०८०/८१ | छल्दी खोला हुलाके देखि सिमलटारी सम्म धुर्कोट गा.पा. क्षेत्रमा पर्ने छल्दीखोलाको बगरबाट ढुंङ्गा, गिट्टी, बालुवा आदिको निकासी कर | रु. १८,१८,९०३।- | रु.१,०००। - | |
| १३/०८०/८१ | पनाहा खोला कपासे देखि ठुल्दी सम्म धुर्कोट गा.पा. क्षेत्रमा पर्ने पनाहाखोलाको बगरबाट ढुंङ्गा, गिट्टी, बालुवा आदिको निकासी कर | रु. ३,८१,०२४।- | रु.१,०००। - | |
| १४/०८०/८१ | पनाहा खोला ठुल्दी देखि जुरेढुङ्गा सम्म धुर्कोट गा.पा. क्षेत्रमा पर्ने पनाहा खोलाको बगरबाट ढुंङ्गा, गिट्टी, बालुवा आदिको निकासी कर | रु. ८,५८,१९३।- | रु.१,०००। - | |
| १५/०८०/८१ | पनाहाखोला जुरेढुङ्गा देखि वडाचौर सम्म धुर्कोट गा.पा. क्षेत्रमा पर्ने पनाहाखोलाको बगरबाट ढुंङ्गा, गिट्टी, बालुवा आदिको निकासी कर | रु. २,७७,४७०।- | रु.१,०००। - | |

..................
ज्ञानुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत

ज्ञानुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत